# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**

(ADDC/N)

1994


Ref. No.:- Date :-

२०६५/४/२६

# प्रेस विज्ञप्ति

**स्थानीय सरकारको अन्तराष्ट्रिय छाता संगठन (UCLG- ASPAC) को सह सभापतिमा जिविस महासंघ निर्वाचित**

विश्वभरिका स्थानीय सरकार तथा नगरको साझा मञ्चकारुपमा (United Cities and Local Government-UCLG) नामक संस्था रहेको छ । यो संस्थाको सर्बोच्च अंगकोरुपमा रुपमा विश्व परिषद (World Council) रहेको छ भने युरोप, एशिया, अफ्रिका, अमेरिका क्षेत्रमा यसको क्षेत्रीय संरचना रहेको छ । ती मध्येको नगर तथा स्थानीय सरकार एशिया प्यासिफिक (UCLG ASPAC) एक क्षेत्रीय संरचना हो । UCLG ASPAC को सर्वोच्च अंगकारुपमा क्षेत्रीय परिषद रहेको छ । यसमा एशियाका अधिकांश मुलुकहरुका स्थानीय सरकारका संघ/महासंघहरु र स्थानीय सरकारहरु सदस्य रहेका छन । पूर्बी तथा उत्तरपूर्बी एशिया, दक्षिणपूर्बी एशिया, दक्षिण एवम् पश्चिम दक्षिण एशिया र पेशिफिक गरी चार भागमा वर्गीकृत सदस्यहरु यस संस्थाको परिषद सदस्य रहेका छन । संस्थाले आफ्ना परिषद सदस्यहरु मध्येबाट २ बर्षको लागि एक सभापति र सह सभापतिको निर्वाचन गर्दछ । UCLG ASPAC को कार्यकारी अंगकोरुपमा सभापति र सह सभापतिहरु समेत रहेको एक २१ सदस्यीय कार्यकारी ब्यूरो रहने व्यवस्था छ ।

स्थानीय निकायको अन्तराष्ट्रिय संघ (International Union of Local Authorities) का रुपमा परिचित यस संस्थाको २००४मा UCLG ASPAC मा रुपान्तरण भएपछिको दोश्रो परिषद (Congress) को बैठक हालै (14-18th July, 2008) थाइल्याण्डको पतया नगरमा सम्पन्न भएको छ । यस पटकको कंग्रेस बैठमा नेपाल लगायत भारत, श्रीलंका, चाइना, जापान, मलेशिया, इन्डोनेशिया, फिलिपिन्स, अष्ट्रेलिया, फिजि, थाइल्याण्ड, भियतनाम, कम्बोडिया, न्यूजिल्याण्डका नगर तथा स्थानीय सरकारका तर्फबाट लगभग हजार भन्दा बढीको प्रतिनिधित्व रहेको थियो । यस सम्मेलनमा युनेस्को, यूएन ह्याबिटाट, एशियाली विकास बैक, भिएनजि इन्टरनेशनल, एआइटि, आइयूटिसि लगायतका बहुपक्षिय संस्थाहरु पर्यबेक्षकको रुपमा सहभागी भएका थिए । नेपालबाट UCLG ASPAC मा जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ लगायत काठमाडौं महानगरपालिका, पोखरा, बुटवल, विराटनगर उपमहानगरपालिका समेत सदस्य रहेका छन् ।

नेपालबाट जिल्ला विकास समिति महासंघ नेपाल र नेपाल नगरपालिका संघको मात्र उपस्थिति रहेको UCLG ASPAC को यस दोश्रो परिषद बैठकमा जिल्ला विकास समिति महासंघका तर्फबाट महासंघका प्रवक्ता श्री कृष्ण प्रसाद जैसीले प्रतिनिधित्व गर्नुभएको थियो भने महासंघका स्थानीय शासन कानुन विज्ञ श्री परशुराम उपाध्याय समेत सहभागी हुनुभएको थियो । नेपाल नगरपालिका संघका तर्फबाट संघका कार्यकारी सचिव श्री सुशील ज्ञवालीले UCLG ASPAC परिषदमा प्रतिनिधित्व गर्नुभएको थियो ।

*UCLG ASPAC को सर्वोच्च निकायका रुपमा रहेको परिषदबाट जिल्ला विकास समिति महासंघ, नेपालका प्रवक्ता श्री कृष्णप्रसाद जैसी UCLG ASPAC को २००८ देखि २०१० को कार्यकालका लागि सह सभापति (Co-President) मा निर्विरोध निर्वाचित हुनुभएको छ । यसैगरी नेपाल नगरपालिका संघका अध्यक्ष श्री डोरमणी पौडेल र काठमाडौं महानगरपालिकाका तर्फबाट कार्यकारी प्रमुख श्री दिनेश थपलिया उल्लेखित कार्यकालका लागि UCLG ASPAC को २१ सदस्यीय कार्यकारी ब्यूरोको सदस्यमा निर्विरोध निर्वाचित हुनुभएको छ ।*


**पत्राचार ठेगाना : पो.ब. नं. १२०२२ सानेपा मोड, ललितपुर, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७-१-५५४८४६९**

Mailing Address:– P.O. Box # 12022 Sanepa, Lalitpur, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np

# जिल्ला विकास समिति महासंघ नेपाल
**Association of District Development Committees of Nepal**
(ADDC/N)
1994


Ref. No.:- Date :-

*Asia Pacific का अधिकांश राष्ट्रका नगर तथा स्थानीय सरकारको प्रतिनिधित्व रहेको UCLG ASPAC Regional Congress ले नेपालको तर्फबाट जिल्ला विकास समितिका महासंघ नेपालका प्रवक्ता तथा UCLG ASPAC का सह सभापति श्री कृष्ण प्रसाद जैसीले (संविधान सभा सदस्य पदमा निर्वाचित हुनुपूर्व UCLG ASPAC को सन २००६ देखि २००८ सम्मको अवधिको सह सभापतित्व जिविस महासंघका तत्कालीन अध्यक्ष श्री कृष्णप्रसाद सापकोटाले गर्दै आउनु भएको थियो) नेपालमा संविधानसभाबाट बन्न लागेको नयाँ संविधानमा लोकतान्त्रिक, जवाफदेही र पूर्ण स्वायत्त स्थानीय शासनको प्रष्ट संवैधानिक व्यवस्था गर्नका लागि नेपालका राजनीतिक दलको ध्यानाकर्षण गराउन अनुरोध गर्न नेपालको संविधान निर्माण प्रक्रियालाई एशिया प्यासिफिक क्षेत्रमा आर्जन भएका अनुभवहरुको आदान प्रदान गरी आवश्यक सहयोग गर्न राख्नु भएको प्रस्तावलाई समर्थन र सर्बसम्मतीले पारित गर्दै सन २००९ को अप्रिलमा UCLG ASPAC को परिषद बैठक नेपालमा गर्ने समेत निर्णय गरेको छ ।*

.............................
कृष्ण प्रसाद जैसी
प्रवक्ता


पत्राचार ठेगाना : पो.व. नं. १२०२२ सानेपा मोड, ललितपुर, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७-१-५५४८४६९
Mailing Address:– P.O. Box # 12022 Sanepa, Lalitpur, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np